जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय ७ दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १०१ पृष्ठः ४ | २०८२ साउन २२ गते बिहीबार (Thursday 07 Aug. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहाका एक निजी विद्यालयका संस्थापकले विद्यार्थीलाई गरे निर्घात कुटपिट



सिरहा, २१ साउन। सिरहाका एक निजी विद्यालयका संस्थापकले विद्यार्थीलाई निर्घात कुटपिट गरेको घटना सार्वजनिक भएको छ। नरहा गाउँपालका ३ चोहर्वास्थित सिरहा पब्लिक स्कूलका संस्थापक रामप्रकाश यादवले विद्यालयमा दुईदिनअघि भर्ना भएका सिरहा नगरपालिका २२ का रामवृक्ष यादवका १४ वर्षिय छोरा अतिनेश कुमार यादवमाथि कुटपिट गरेका हुन्। उनी आईतबार मात्र यस विद्यालयमा कक्षा ९ मा भर्ना भई विद्यालयकै होस्टेलमा बसेका थिए। सोमबार बेलुका रिङ्गमा समयमा नआएको भन्दै उनीमाथि लाठी, जुत्ता, मुक्काले निर्घात रुपमा कुटपिट गरेको अतिनेशका बुवा रामवृक्ष यादवले बताए। उनले भने, ‘अनितेश शौचालय गएकाले रिङ्गमा आउन केहि ढिला भएछ। त्यतिकैमा संस्थापक यादवले लाठी हानेपछि भुईमा ढलेछ, ढलेलगतै जुत्ताले घाँटीमा टेकेर सरीरका विभिन्न भागमा अन्धाधुन्द लाठी बर्साएछ।’

कुटपिटबाट बेहोस भएपछि संस्थापक यादवले अनितेशका भिनाजु गोलबजार १० का कैलाश यादवलाई बोलाएर आफै बेहोस भएको भन्दै उपचारका लागि पठाएका थिए। बेहोस अवस्थामै तीन जनाले बोकेर चोहर्वास्थित निजी स्वास्थ्य संस्थामा प्राथमिक उपचार पछि राती १० बजे थप उपचारको लागि प्रादेशिक अस्पताल सिरहा पुर्‍याएका थिए। घटनाबारे आफूले ९ बजेतिरमात्र जानकारी पाएको अनितेशका बुवा रामवृक्ष यादवले जानकारी दिए।

उनले घटना थाहा पाउन साथ आफू छोराको अवस्था हेर्न अस्पताल पुगेपछि अस्पतालले थप उपचारको लागि अन्यत्र लान सल्लाह दिएको बताए। उनको घाँटीमा गम्भिर चोट लागेका कारण सुनिएको छ। अत्यधिक पेन हुने गरेकाले र सुनिएकाले थप उपचारको लागि अहिले विराटनगरस्थित न्यूरो अस्पतालमा राखिएको छ। अहिले सम्पूर्ण जाँच सम्पन्न भईनसकेकाले भित्रि अवस्थाबारे केही भन्न नसकिने यादवले बताए।

आफूले जिल्ला प्रहरी कार्यालय सिरहामा उजुरी दिएपनि कुनै प्रकृया अगाडी नबढाएको गुनासो गरेका छन्। प्रहरीले भने उजुरी परेको जनाउँदै घटनाबारे थप अनुसन्धान भईरहेको जनाएको छ। यस सम्वन्धमा थप जानकारीकालागि विद्यालयका संस्थापक यादवसँग सम्पर्क गर्दा उनले पहिला फोन उठाएनन्। दोहऱ्याएर फोन गर्दा उनले तत्काल मोवाईल अफ गरे। यो विद्यालयमा बेला बेलामा यस्ता घटना हुने गरेको अभिभावकहरु नै बताउँछन्।

## ‘मल वितरणमा सहकारीले मापदण्ड पूरा गरेको छैन’



**जीवछ यादव**

लहान, २१ साउन। कृषि कम्पनी लिमिटेड शाखा कार्यालय लहानबाट सिरहाका १७ वटै पालिकाका सहकारीहरुलाई किसानलाई डिएपी मल वितरण गर्न दिएको निर्देशन र मापदण्ड पूरा नगरिएको पाएको छ। किसानहरुले कृषि सहकारीबाट गएको मल पाउन नसकिरहेको गुनासो गरेपछि इलाका प्रशासन कार्यालय लहानको अगुवाइमा लहान नगरपालिका र भगवानपुर गाउँपालिकामा रहेको आधा दर्जन सहकारीहरुले मङ्गलबार अनुगमन गर्दा मापदण्ड पूरा नगरिएको पाएको इलाका प्रशासन कार्याकालय लहानका अधिकृत सन्तोष रायले बताउनुभयो।

लहान नगरपालिका -१ मा रहेको श्री सहकारी संस्था लहानले पाएको ८० बोरा मल वितरण गरिएको मलको मूल्यसूचि नभएको पाएको छ भने लहान-१ मै रहेको यादव इन्टरप्राइजेज र लहान-४ मा रहेको लक्स कृषि सहकारी र राधा एग्रोभेट लहान-२३ गढामा मापदण्ड नगरिएको पाएको छ। भगवानपुर गाउँपालिकाका पाँच वटै वडाको मल एउटै किराना पसलबाट वितरण गरिरहेको पाएकोछ। अमृत किराना पसलका सञ्चालक बलराम साहले लक्ष्मी गणेश र अपन सहकारीको नाममा ल्यााएको मल वितरण गर्दा किसानले झमेला पाइरहेका स्थानीय किसानहरुले गुनासो सुनाउनुभयो।

**-बाँकी दुई पेजमा**

## सप्तरी गोली काण्ड : प्रदर्शनकारीमाथि तीन राउन्ड अश्रुग्यास प्रहार



राजविराज, २१ साउन। सप्तरीको राजगढ गाउँपालिका-२ कमलपुरमा प्रहरीको गोली लागेर स्थानीयको मृत्यु भएको घटनाको विरोध गरिरहेका प्रदर्शनकारीमाथि बुधबार दिउँसो अश्रुग्यास प्रहार भएको छ। मंगलबार राति तस्करी रोक्न त्यहाँ पुगेका प्रहरी र स्थानीयबीच झडप हुँदा प्रहरीले तीन राउन्ड गोली चलाएको थियो। गोली लागेर अन्दाजी ३६ वर्षीय लालु यादवको मृत्यु भएपछि बुधबार बिहानैदेखि आफन्त र स्थानीयले जिल्ला प्रहरी र जिल्ला प्रशासन कार्यालय अगाडि टायर बालेर प्रदर्शन गरिरहेका छन्।

प्रहरीले ज्यादती गरेको भन्दै घटनाको निष्पक्ष छानबिन हुनुपर्ने माग गर्दै दिउँसो प्रदर्शनमा उत्रिएका उनीहरुमाथि अश्रुग्यास हानिएको हो। प्रहरीले अश्रुग्यास हान्दा प्रदर्शनकारी भागाभाग भएको छ भने तीन/चार जनालाई चोट लागेर घाइते भएको प्रदर्शनकारीको भनाइ छ। एसपी गौतमकुमार केसीले जिल्ला प्रहरी कार्यालय अगाडि बनाइएको सुरक्षा घेरा ढुंगामुढा गर्दै प्रदर्शनकारीले तोड्न खोजेपछि तीन राउन्ड अश्रुग्यास प्रहार गरेको बताए। ‘ढुंगामुढा लागेर ४/५ जना पनि प्रहरी घाइते भएका छन्,’ उनले भने ‘अहिले अवस्था नियन्त्रणमा आइसकेको छ।’




**स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं।**

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (विगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं,
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चिकित्सकको सल्लाह विना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं।
- विश्व स्तनपान सप्ताह सफल पारौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## राजनीतिक पदाधिकारीको तलब कटौती गर्ने उचित अवसर

नयाँ ऐनमा मन्त्रिपरिषद्ले नै प्रधानमन्त्री, मन्त्रीहरूको तलब भत्ता तोक्न पाउने व्यवस्था गरिएको छ। मन्त्रीहरूको सेवा सुविधा र पारिश्रमिक ऐनबाटै तोकिने प्रचलित व्यवस्थामा परिवर्तन गरी मन्त्रिपरिषद्ले नै तोक्नसक्ने नयाँ नियम बनाइएको हो। तलब संसद्ले नै निर्धारण गर्ने व्यवस्था सम्भवतः कम विवादास्पद हुन्थ्यो। यद्यपि, मन्त्रिपरिषद्ले तोक्न पाउनेबित्तिकै मनपरी निर्धारण हुने पक्कै हुँदैन। अहिले नेपालका छिमेकी देशहरूका तुलनामा नेपालको तलब सबै तहमा कम नै छ। राज्यको ढुकुटीबाट दिइने तलबभत्ता तोकिँदा सर्वमान्य अन्तर्राष्ट्रिय मापदण्ड नभए पनि सामान्यतः राज्यको आर्थिक हैसियत, पदको जिम्मेवारी र सामाजिक सेवा तथा जीवनयापन खर्चको लेखाजोखा गरेर निर्धारण गरिन्छ। यसैले नेपालको प्रतिव्यक्ति आयका दृष्टिले अहिलेको तलब कम भन्न मिल्दैन। 'खाइपाइ आएको सुविधा कटौती नगरिने' सामान्य अभ्यास नेपालमा प्रचलित छ। तैपनि, मन्त्रिपरिषद्का सदस्यहरूले चाहेमा अब आफूले खाइपाइ आएको तलब र सुविधा घटाउन पनि सक्नेछन्। यद्यपि, बीपी कोइराला प्रधानमन्त्री रहेको नेपालको प्रथम निर्वाचित सरकारबाहेक अरू कुनैले आफ्नो तलबभत्ता कटौती गरेको उदाहरण भने छैन।

कानुनद्वारा तोकिएको पारिश्रमिक र सुविधा खासै समस्या हुँदा पनि होइन। प्रधानमन्त्री र मन्त्रीहरूले गर्ने मातहत मन्त्रालय तथा सार्वजनिक स्वामित्वका निकायहरूको साधन स्रोतको दुरुपयोग भने चिन्ता र आपत्तिको विषय हो। प्रधानमन्त्रीले नै यस्ता अपारदर्शी सुविधा लिन थालेपछि मन्त्रीहरूमात्र होइन अरू उच्च अधिकारीले पनि सरकारी साधन स्रोत अपचलन गर्ने गरेका छन्। हुँदाहुँदा मन्त्रीका नाममा लिइएको मोटर पार्टीका नेताका घरघरमा समेत भेटिन्छन्। त्यस्ता सवारी साधनमा चालक र इन्धनसमेत मन्त्रालय वा कुनै संस्थानबाट बेहोरिने गरिन्छ। अब मन्त्रिपरिषद्को पारिश्रमिकको समीक्षा गरेर आवश्यक भए स्वतः समायोजन हुने विधि अपनाए पनि हुन्छ। तर, सँगै हाकाहाकी लिइएको 'अदृश्य' सुविधा भने अन्त्य गरिनुपर्छ। संघीय संसद्, मन्त्रिपरिषद्लगायत प्रदेश र स्थानीय तहका निर्वाचित पदाधिकारीको पारिश्रमिक संघीयता विरोधीका लागि जनतालाई बर्गल्याउन बलियो निहुँ बनेको छ। यस्तो अवस्थामा निर्वाचित पदाधिकारीहरूले आआफ्नो तलबभत्ता स्वयं प्रवृत्त भएर घटाउने हो भने त्यसको सकारात्मक सन्देशले व्यवस्थाप्रतिको वितृष्णा कम हुनेछ। मन्त्रिपरिषद्ले प्रधानमन्त्री, मन्त्रीहरूको पारिश्रमिक यही ऐनको प्रावधानअनुसार कटौती गरोस्। त्यसको सिको प्रदेश र स्थानीय तहका सरकारहरूले पनि गरून्। त्यसो हुन सके प्रशासनिक र सुरक्षा निकायका उच्च अधिकारीमाथि पनि अदृश्य अतिरिक्त सुविधा नलिन नैतिक एवं नागरिक दबाब पर्नेछ। अहिले खाइपाइ आएको सुविधा घटाउने आँट नभए पनि अपारदर्शीरूपमा सुट्टुक्क लिइआएको सेवा सुविधा भने बन्द गरिनुपर्छ। त्यसरी लप्पनछप्पन गरेर राज्यको ढुकुटीबाट सेवा सुविधा हसुर्नु धर्मका दृष्टिमा पाप र कानुनका नजरमा भ्रष्टाचार पनि हो। कानुनले तजबिजी अधिकार दिएपछि प्रयोग गर्नेको नैतिक जिम्मेवारी पनि बढ्छ। त्यसैले मन्त्रिपरिषद्ले ऐतिहासिक निर्णय गरेर संघीय लोकतान्त्रिक गणतन्त्रको प्रतिरक्षा गर्ने बुद्धिमत्ता देखाओस्।

### 'मल वितरणमा...


आएको ६३० बोरा मलमध्ये पाँच वटा वडालाई ७५ बोराको दरले ३७५ बोरा दिइएको र बाँकी २५५ बोरा मल गाँउपालिका अध्यक्ष उग्र नारायण यादवले आफ्नै नियणत्रणमा राखिएकाले कति मल आएको नआएको यकिन किसानहरुलाई हुन नसकेको स्थानीय किसानहरु अरबिन्द यादव र महेश्वर भाले अनुगमन गर्न आएका अनुगमन टोली समक्ष गुनासो गर्नुभयो।

“कति बोरा मल आएको बारे यस पटक अनुगमन टेलीले जानकारी गराएपछि मात्रै थाहा भयो,” स्थानीय किसानहरुले सुनाउनुभयो। सिरहा जिल्लाको १२५ कृषि सहकारीहरुको माध्यमबाट दोस्रो पटक वितरण गरिएको अठार हजार ६०० बोरा डिएपी मल वितरणमा अनियमितता र कमजोरी देखिएकको अनुगमन टेलीले निष्कर्ष निकाल्दै पहिलो पटक सचेत गराएको सहकारीहरुले मापदण्ड पुरा नगरी कमजोरी नसच्चयाएमा अर्को पटकको अनुगमनबाट कानुनी कारबाही गरिने रायले सञ्चारकर्मीहरुलाई बताउनुभयो।

प्रति बोरा डिएपी मल दुई हजार ४५० बोरा र युरिया मल प्रति बोरा ९५० बोरामा बिक्री गर्नुपर्ने मल प्रति बोरामा पाँच सयदेखि सात सयसम्म बढी रकम लिएर बिक्री गरिरहेको गुनासो किसानले गरेपछि अनुगमन गर्न आवश्यक रहेकोले इप्रका लहानले आफ्नो क्षेत्र पर्ने गाउँपालिकाहरुमा निरन्तर अनुगमन गरिरहने उहाँले बताउनुभयो। किसानहरुको गुनासोलाई सुनेर मल वितरण गरिने कृषि सहकारीलाई अनुगमन गर्न आएपछि भगवानपुरका किसानहरु खुसी व्यक्त गर्दै गाउँपालिका अध्यक्षले २५५ बोरा मल आफ्नो नियणत्रणमा राख्नुले मल वितरणमा राजनीतिकरण भइरहेकाले यसलाई रोक्न र नियमित अनुगमन गरिरहन आग्रह गर्नुभयो।

साउन महिनामा दोस्रो पटकमा लहान नगरपालिकामा दुई हजार ९० बोरा र भगवानपुर गाउँपालिकाका ६३० बोरा डिएपी मल गएको कम्पनी लिमिटेड लहान शाखाका प्रबन्धक दिपक पौडेलले जानकारी दिनुभयो।

# बहुविवाहको बहस : बल्ल पुरुषको पक्षमा कानुन आउन लाग्यो !



क्षितिज आचार्य

मुलुकी अपराध संहितालाई संशोधन गर्न बनेको विधेयकमा गरिएको प्रस्ताव (बहुविवाहलाई प्रश्रय दिने प्रस्ताव) यतिबेला बहस र चर्चामा छ। विवाहेतर सम्बन्धलाई बहुविवाहमा परिणत गरी कानुनी रूपमै मान्यता दिने गरी यो प्रस्ताव आएको छ। हुन त मेरो देशमा कानुनका मस्यौदा तयार गर्दा छलफलका लागि नागरिकस्तर वा सरोकारवालासम्म पुग्ने प्रणालीको विकास हुन सकेको छैन। कसैले कसैका लागि कानुन बनाइदिने हो, अर्थात् चालकले गाडी गन्तव्यमा पुऱ्याउनुजस्तै ठानिन्छ कानुन वा नीति–कार्यक्रम बनाउनुलाई।

सिट आरामदायी भयो कि भएन, चालकलाई पिसाब फेर्न मनलाग्दा मात्रै गाडी रोकियो कि, खाजा सही समयमा र राम्रो ठाउँमा गराइयो वा गराइएन, जंगलमा रोकेर पुरुषहरूले झाडीमा शौच गर्दा महिलालाई कठिन भयो कि ? गाडीमा महिलालाई दुर्व्यवहार गरियो कि ? जसरी यी सामान्य प्रश्नलाई चालकले बुझ्न जरुरी ठानिँदैन, त्यसरी नै कानुन बनाउँदा पनि सरोकारवालालाई वास्ता गरिँदैन। कानुन बनाउन बसेका पदाधिकारी जो हाम्रा एजेन्ट हुन् तर गाडीको चालकजस्तै हुन्। जसरी गाडीमा चालकले यात्रीको मर्म बुझ्दैन, त्यसरी नै हाम्रा कानुनका ज्ञाताले हाम्रो मर्म बुझ्छन् वा बुझ्दैनन प्रश्न खडा छ यहाँ। त्यसैले सरोकारवाला अर्थात् हामी स्वयं चनाखो र सजक हुनुपर्छ।

कानुन बनाउनेहरूलाई याद हुनुपर्छ, संसारमा वा नेपालमा महिला अधिकार र न्यायको क्षेत्रमा जे जति उपलब्धि भएका छन् त्यो शासकको इच्छा, चाहना र कृपाबाट मात्र प्राप्त भएको होइनन्र यो उपलब्धि आन्दोलन, क्रान्ति, संघर्ष, बलिदान र कडा मेहनतबाट सम्भव भएको हो। घरभित्र सीमित राखिएका महिलान्र मनोरञ्जनको साधनका लागि मात्र उपयुक्त मानिएका महिलान्र शिक्षाबाट वञ्चित, रोजगार तथा स्वतन्त्रताको अवसरबाट टाढा राखिएका महिलाले आज अधिकार र अवसर प्राप्त गरी विभिन्न क्षेत्रमा आफ्नो क्षमता र कौशलता देखाइरहेका छन्। यो यात्रा सरल थिएन।

प्राचीन समाजमा न जातीय, न लैङ्गिक, न त आर्थिक, कुनै विभेद थिएन। सरल संरचनामा सरल समाज र सरल जीवनयापन थियो तर समाजको संरचना जटिल हुँदै जाँदा शक्तिशाली वर्गले आफ्नो हितमा नियम बनाउँदै बाँकी समुदायलाई आफू अनुकूल हाँक्न थाले। प्रकृतिद्वारा महिलालाई दिइएको प्रजनन क्षमतालाई कमजोरीका रूपमा व्याख्या गर्दै उनीहरूलाई विभिन्न अवसरबाट वञ्चित गरियो। समयक्रमसँगै महिलाले समाजका विभिन्न क्षेत्रमा सम्झौता गर्न बाध्य हुँदै गए– कहिले धर्मका नाममा, कहिले समाज त कहिले परिवारका नाममा अनेक वञ्चितीकरणमा पर्दै गए।

सन् १९२० (वि.सं. १९७७) अघि नेपाली समाजमा श्रीमानको मृत्युपछि महिला सती जाने बाध्यता थियो। महिलाको आयु श्रीमान्को आयुसँग सीमित थियो। महिलाहरू जिउँदै जलिरहँदा समाज मौन थियो– यिनै अवस्थाबाट महिलाले आफूलाई मुक्त गर्दै आजसम्मको अवस्था निर्माण गरेका हुन्। कानुन नबन्दासम्म धर्म, रीतिरिवाज नै कानुन थिए। विवाहेतर सम्बन्ध वा परस्त्री गमनलाई विभिन्न धार्मिक दृष्टिकोणबाट हेरिँ। परस्त्री गमन वा विवाह बाहिरको सम्बन्ध भन्नाले आफ्नै पत्नी वा पतिबाहेक अरूसँग शारीरिक वा यौनसम्बन्ध कायम गर्नु बुझिन्छ। विश्वका प्रायः धर्मले यसलाई अनैतिक, पापकर्म तथा सामाजिक र पारिवारिक मूल्य विरुद्धको कार्यका रूपमा व्याख्या गरेका छन्।

हिन्दु धर्ममा परस्त्री गमनलाई गम्भीर पाप मानिएको छ। मनुस्मृति, महाभारत र रामायणजस्ता ग्रन्थमा यसले परिवार, वंश र समाजको पतन गराउने उल्लेख पाइन्छ। साथै यस्ता कार्यले नर्कमा जानुपर्ने र आगामी जन्ममा दुःख भोग्नुपर्ने भनिएको छ। श्रीराम र सीताको आदर्श जीवनशैलीलाई उदाहरण दिँदै पति–पत्नीको निष्ठा र शीलपालनलाई विशेष महत्त्व दिइएको छ। बौद्ध धर्ममा पनि यौनाचरणमा संयम र नैतिकता पालना गर्न जोड दिइएको छ। पञ्चशीलको चौथो शीलले विवाहबाहिरको सम्बन्धलाई काम, आशक्ति र लोभको परिणाम मानी मानसिक अशान्ति तथा कर्मदोष उत्पन्न गराउने बताउँछ।

बुद्धले गृहस्थ जीवनमा श्रद्धा, इमानदारी र परोपकारलाई मूल मूल्य मानेका छन्। इस्लाममा परस्त्री गमनलाई जिना (हराम) मानिन्छ र ठूलो गुनाहको रूपमा चित्रण गरिएको छ। कुरान र हदिसमा यसलाई रोक्न कडा आदेश दिइएको छ। कतिपय मुस्लिम राष्ट्रमा यसका लागि कोर्रा हान्ने वा पत्थरले हानेर मृत्युदण्डजस्ता सजायको व्यवस्था गरिएको छ। इस्लामले नारी–पुरुष दुवैलाई पर्दा, इज्जत र संयममा बस्ने शिक्षा दिन्छ।

क्रिस्चियन धर्ममा विवाहबाहिरको सम्बन्धलाई व्यभिचार भनिन्छ, जुन दश आज्ञामध्ये एक मुख्य आज्ञा उल्लंघन गर्ने कार्य हो। बाइबलमा व्यभिचारलाई पाप मानी विवाहप्रतिको निष्ठा र शुद्धताको शिक्षा दिइएको छ। साथै येशु ख्रिष्टले मनमै व्यभिचार गर्ने सोच राख्नु पनि गलत भएको शिक्षा दिएका छन्। शिख धर्ममा पनि विवाहबाहिरको सम्बन्धलाई अनैतिक र पापकर्म मानिन्छ। गुरु ग्रन्थ साहिबमा दाम्पत्य जीवनको निष्ठा र संयमलाई धर्मपालनको महत्त्वपूर्ण अंशका रूपमा वर्णन गरिएको छ।

**अन्तर्राष्ट्रिय महिला आन्दोलन र नेपाल**

महिला अधिकारका लागि अन्तर्राष्ट्रिय स्तरमा थुप्रै आन्दोलन भएन्र जुन एक लामो अनि संघर्षपूर्ण यात्रा हो, जसले विश्वका विभिन्न भूगोल, संस्कृति र ऐतिहासिक परिस्थितिहरूलाई छोएको छ। यी आन्दोलनले विश्व समुदायमा तरंग पैदा गरेको थियो। महिलावादी आन्दोलनको आरम्भिक चरणमा म्यारी वुलस्टोनक्राफ्टको नाम विशेष रूपमा उल्लेखनीय मानिन्छ। उनले सन् १७९२ मा 'अ भिन्डिकेसन अफ् द राइट्स अफ् ओमन' प्रकाशित गरिन्, जसमा महिलालाई सामाजिक, राजनीतिक, शैक्षिक तथा श्रमका क्षेत्रमा समान अधिकार दिनुपर्ने धारणा अघि सारिएको थियो। यो पुस्तकले महिलाहरू पुरुषहरूलाई खुसी पार्ने साधन हुन् भन्ने प्रचलित सामाजिक मान्यतालाई चुनौती दियो। त्यसपश्चात् १९औं शताब्दी र २०औं शताब्दीको प्रारम्भसम्म महिलावादी आन्दोलन विभिन्न रूपमा अगाडि बढ्यो। सन् १८४८ मा अमेरिकामा सम्पन्न 'सेनेका फल्स' सम्मेलन पहिलो महिला अधिकार सम्मेलनका रूपमा ऐतिहासिक मानिन्छ। समान मताधिकार आन्दोलनका क्रममा सन् १८९३ मा न्युजिल्याण्डले पहिलोपटक महिलालाई मतदान अधिकार दियो, जसपछि क्रमशः बेलायत, अमेरिका र अन्य देशमा पनि महिलाले मतदान अधिकार पाउन थाले।

सन् १९०४ मा स्थापित 'इन्टरनेसनल अलाइन्स अफ् ओमन'ले महिला अधिकार आन्दोलनलाई अन्तर्राष्ट्रिय स्तरमा सशक्त बनायो। सन् १९६० देखि १९८० को दशकमा सिमोन डी बुवा (द सेकेन्ड सेक्स पुस्तकको लेखिका) र बेटी फ्रिडन (द फेमिनी मिस्टिक पुस्तकको लेखिका) जस्ता महिलावादी चिन्तकले आन्दोलनलाई बौद्धिक आधार प्रदान गरे। यस चरणमा महिलाविरुद्धको हिंसा, घरेलुहिंसा, गर्भपतन अधिकार तथा कामको विभाजनजस्ता मुद्दालाई केन्द्रीय एजेन्डा बनाउँदै आन्दोलन अघि बढ्यो। संयुक्त राष्ट्रसंघको सक्रियताले पनि यस अवधिमा गति थप्यो, सन् १९७५ मा अन्तर्राष्ट्रिय महिला वर्ष घोषणा (१९७५–१९८५) लाई महिला दशक घोषणा तथा १९७९ मा महिलाविरुद्धको सबै प्रकारको भेदभाव अन्त्य गर्ने महासन्धि (सीईडीएडब्लु) स्वीकार गरियो। सन् १९९० पछि महिलावादी आन्दोलनले जात, वर्ग, धर्म, यौनिकता र पहिचानजस्ता विविध अनुभवलाई समेट्दै बहुआयामिक स्वरूप ग्रहण गऱ्यो।

सन् १९९५ को बेइजिङ विश्व महिला सम्मेलनले १२ प्राथमिकतासहितको 'बेइजिङ प्लेटफर्म फर एक्सन' स्वीकृत गरी आन्दोलनलाई नयाँ माइलस्टोन प्रदान गऱ्यो। पछिल्ला दशकमा डिजिटल अभियानहरूले महिला अधिकार र लैङ्गिक समानताबारे सामाजिक सचेतना अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। २०१० मा 'यूएन ओमेन'को स्थापना भएसँगै अन्तर्राष्ट्रिय स्तरमा महिलाको अधिकार र समानताको अभियानलाई संस्थागत र सशक्त बनाइयो। अन्तर्राष्ट्रिय महिला आन्दोलन कुनै एक देश वा एक समूहको मात्रै होइन यो सम्पूर्ण मानव इतिहासको एक साझा चेतनाको परिणाम हो। हरेक चरणमा महिलाहरूले संघर्ष, त्याग र तपस्याको बाटो समातेर महिला आन्दोलनलाई यो स्थितिमा पुऱ्याएका छन्।

नेपालमा २००७ सालपछि महिला शिक्षाको सुरुवात, मतदानको अधिकार सुनिश्चित गरियोन्र महिला अधिकारका सवालमा स्वरहरू सुनिन थालेन्र नेपाल महिला संघको स्थापना भयो। २०१७ सालमा पञ्चायती व्यवस्था सुरु भएपछि गैरसरकारी संस्था तथा सामाजिक अभियन्ताहरूले महिला स्वास्थ्य, शिक्षा, बालविवाह, घरेलु हिंसाविरुद्ध काम गर्न सुरु गरे। बहुदलीय व्यवस्था (२०४६)सँगै महिला अधिकारको लहर बलियो बन्दै गयो। पछिल्ला केही दशकमा महिला सशक्तीकरणका क्षेत्रमा उल्लेखनीय कानुनी तथा नीतिगत प्रगति भएको छ। हाम्रो संविधानले समानताको हक, महिलाको हक, सामाजिक न्यायको हक लगायत मौलिक हकको व्यवस्था गरेको छ। यस्तै महिला हितका कानुनहरू आएका छन्। शासन–प्रशासनमा महिलाको ३३ प्रतिशत सहभागिताको व्यवस्था गरिएको छ। महिला विकाससम्बन्धी नीतिहरू तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू महिलाको हकहितका लागि कानुनी आधार हुन्।

महिला अधिकारका क्षेत्रमा नेपालले सन् १९९१ मा 'सीईडीएडब्लू' मा हस्ताक्षर गरेको र सन् १९९५ को बेइजिङ घोषणापत्रलाई समर्थन गरेको ३० वर्ष पूरा भइसकेको छ।

**बहुविवाह : कानुनी प्रावधान**

नेपालमा बहुविवाहसम्बन्धी कानुनी विकास क्रमले समाजमा विद्यमान पितृसत्तात्मक संरचना, धार्मिक परम्परा र सामाजिक सुधार आन्दोलनसँग निकट सम्बन्ध राख्छ। प्राचीन समयदेखि नेपालमा बहुविवाहलाई सहज मानेको पनि देखिन्छ तर क्रमशः समाजमा शिक्षा र चेतनाको विकाससँगै महिलाको अधिकार र समानताको प्रश्न उठ्न थालेपछि यसलाई कानुनी रूपमा दण्डनीय र नैतिकता तथा सभ्य समाजको प्रतिकूलतासँग पनि जोडेर हेर्न थालियो।

बहुविवाहलाई नियमन गर्ने पहिलो औपचारिक कानुनी व्यवस्था १९१० सालमा जारी मुलुकी ऐनमार्फत सुरु भयो। यस ऐनले बहुविवाहलाई पूर्ण रूपमा अपराध मानेन तर पहिलो पत्नीको सहमतिविना दोस्रो विवाह गर्नेलाई सजायको व्यवस्था गऱ्यो। व्यवहारमा भने यो प्रावधान प्रभावकारी बन्न सकेन। त्यसपछि २०२० सालमा जारी मुलुकी ऐनले बहुविवाहलाई स्पष्ट रूपमा आपराधिक रूपमा परिभाषित गऱ्यो र पहिलो पत्नी जीवित रहँदा अर्को विवाह गरेमा कैद र जरिवानाको सजाय तोक्यो। विशेष अवस्था ( जस्तै : पहिलो पत्नी बाँझो हुनु वा गम्भीर रोगले ग्रस्त हुनु) का कारण अदालतको अनुमति लिएर दोस्रो विवाह गर्न सकिने प्रावधान भने राखिएको थियो।

२०४७ सालको संविधानले लैङ्गिक समानताको अधिकारलाई संवैधानिक मान्यता प्रदान गर्दै विवाह र पारिवारिक जीवनमा महिला–पुरुषबिच समान अधिकार सुनिश्चित गऱ्यो। यसले महिलालाई बहुविवाहविरुद्ध उजुरी दिने अधिकार थप सशक्त बनायो र कानुनी कारबाही गर्न सहज वातावरण निर्माण गऱ्यो। त्यसपश्चात् कानुनी

–बाँकी तीन पेजमा

# मिर्चैया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मिर्चैया, सिरहा
मधेश प्रदेश, नेपाल

**पोखरी र बजार ठेक्का सम्वन्धि शिलबन्दि बोलपत्र**

**पाँचौ पटक सूचना प्रकाशन मिति २०८२/०४/२१**

मिर्चैया नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको सार्वजनिक पोखरी र वजारहरुको शिलबन्दि बोलपत्रद्धारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त ठेक्का लिन चाहने इच्छुक फर्म तथा व्यक्तिहरुले निम्न शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र वोलपत्र खरिद गरि १६ औ दिन दिनको १२ वजेभित्र वोलपत्र दर्ता गर्न सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**पोखरीहरु**

| सू.नं. | पोखरीको नाम | ठेगाना | न्यूनतम कबोल अंक | बोलपत्र दस्तुर | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १. | महेशपुर दहवला वातावरणमैत्री पोखरी नं.२ | १० | ५,५८,३६०/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| २. | महेशपुर राजदेवी पोखरी | १० | ६,२६,५८०/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ३ | दहवला पुरानो पोखरी नं.१ | १० | ५,९८,२३०/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ४ | मुसलमान टोलनिरको पोखरी | १२ | ४०,६८०/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ५ | मटीयर्वा डोम्वानिरको पोखरी | ६ | ८,२०,१२५/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ६ | गदहवा पोखरी सतापुर | ११ | २,६३,७००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ७ | मलहनिया नहरनिरको पोखरी | २ | ६५,६१०/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ८ | कंचनपुर गाँउनिरको पोखरी | ११ | १,९६,८३०/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ९ | मिथिलेश्वर गाउँनिरको पोखरी | १० | ६८,८९१/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| १० | महेशपुर वडा कार्यालयनिरको पोखरी | १० | २,९५,२००/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| ११ | सलहेश मन्दिर पोखरी रामपुर विर्ता | १ | २,६०,५५०/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| १२ | डाकनीथान पोखरी | ११ | ६२,३३०/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |
| १३ | फुलवरिया वजार शिवमन्दिर पोखरी | ७ | ६२,३३०/– | रु.१०००/– | २०८७ असार मशान्तसम्म |

**हटिया बजारहरु**

| सि.नं. | हटिया बजारको नाम | ठेगाना | न्यूनतम कबोल अंक | बोलपत्र दस्तुर | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १ | बाख्रा बजार | मिर्चैया न.पा.७ | ४५,१८०/– | रु.१०००/– | २०८३ असार मशान्तसम्म |
| २ | राघोपुर बजार | मि.न.पा.३ | ७,९४७/– | रु.१०००/– | २०८३ असार मशान्तसम्म |
| ३ | मलहनिया बजार | मि.न.पा.२ | २२,९६४/– | रु.१०००/– | २०८३ असार मशान्तसम्म |

१. वोलपत्र साथ धरौटी वापत आफुले कवोल गरेको कुल रकमको ५ प्रतिशत र विदेशी भए १० प्रतिशत हुने रकम यस मिर्चैया नगरपालिकाको कार्यालय मिर्चैयाको कोड नं. १६–३६५–२३ एन.आई.सि.एसिया बैंक मिर्चैया, सिरहा स्थित रहेको ६६४१४९८७४८५२४००२ धरौटी खातामा रकम जम्मा गरेको सकलै भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त बैंकले जारी गरेको बोलपत्र जारी गर्ने अन्तिम ९० दिन म्याद भएको बैंक जमानत(विडवण्ड) को सक्कल प्रति र नागरिकता प्रतिलिपि शिलबन्दि वोलपत्र साथ संल्गन हुनु पर्नेछ।

२. ठेक्काको न्यूनतम अंकवाट कवोल अंक सुरु हुनेछ।

३. ठेक्का अवधि : पोखरीको हकमा २०८२ श्रावण १ गतेदेखी लागु हुनेगरी २०८७ असार मशान्तसम्म र हटिया वजार मिति २०८२ श्रावण १ गतेदेखी लागु हुनेगरी २०८३ असार मशान्तसम्म हुनेछ र पोखरी ठेकाको कवोल गरेको रकम एकमुष्ट रुपमा वुझाउनुपर्नेछ। पोखरीको ठेक्का स्वीकृत भएपछि आफुले कवोल गरेको रकम सम्झौता अगावै एकमुष्ट कार्यालयमा वा नगरपालिकाको नाममा रहेको खाता नं.०६६२०५००२९३८७००२ एन.आई.सि.एसिया मिर्चैया बैंक खातामा रकम दाखिला गरेको सक्लै भौचर र मूल्य अभिवृद्धि कर वापतको रकम बुझाएपछि मात्र चलन पूर्जी दिइनेछ।

४. हटिया वजारको हकमा एकमुष्ट रकम वुझाएमा १० प्रतिशत छुट दिनेछ। किस्ता गर्नुपरे नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त गरेको क वर्गको बैंकवाट जारि गरेको वैंक ग्यारेन्टीको सक्कल प्रति वुझाउनुपर्नेछ। पोखरी ठेक्कामा कुनै किसिमको छुट दिइने छैन।

५. मिति २०८२/०४/२१ गतेदेखि २०८२/०५/०४ गतेभित्र रु.१००० को नगदी रसिद लिई यस न.पा.वाट वोलपत्र खरिद गर्न सकिनेछ र मिति २०८२/०५/०५ गतेको १२ वजेसम्म यस न.पा.को राजश्व शाखामा वोलपत्र दर्ता गर्नुपर्नेछ। दर्ता हुन आएका वोलपत्रहरु सोहि दिन दिनको दिउसो २ वजे खोलिनेछ। वोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन।

६. रित पूर्वक प्राप्त नभएको तथा म्याद नाघि आएको वोलपत्र फारम स्वीकृत गरिने छैन।

७. यस कार्यालयको वाकि वक्यौता पेश्की तथा वेरुजु भएको व्यक्तिको वोलपत्र समावेश गरिने छैन।

८. यस सम्वन्धि विस्तृत वुझ्न चाहेमा मिर्चैया नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

९. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ।

१०. सूचनामा उल्लेख नभएमा अन्य कुरा प्रचलित ऐन,नियम अनुसार हुनेछ।

११. ठेक्कामा लाग्ने सवै किसिमको कर ठेक्केदार वा संस्था स्वमले वुझाउनुपर्नेछ।

# बसिरहेको घर छाडेर शाहरूखको छेउमा डेरा सरे आमिर, किन?



बलिउड अभिनेता आमिर खान आफ्नो पुरानो घर छाडेर अपार्टमेन्टमा सरेका छन्। उनले मुम्बई, बान्द्राको पाली हिलस्थित समुन्द्री किनार देखिने चारवटा अपार्टमेन्टहरू भाडामा लिएका हुन्। जसका लागि उनले मासिक २४ लाख ५० हजार भारू तिर्नेछन्। भारतीय संचारमाध्यमका अनुसार आमिरले भाडामा लिएको अपार्टमेन्टहरू पाली हिलको नर्गिस दत्त रोडमा रहेको विल्नोमोना अपार्टमेन्टमा अवस्थित छन्।

विशेष कुरा त के छ भने आमिर सरेको यो ठाउँ अर्का अभिनेता शाहरूख खानको अस्थायी निवास पूजा कासाबाट लभगभ ७ सय ५० मिटर दुरीमा पर्छ। शाहरुख पनि आफ्नो बंगला 'मन्नत' मर्मतसम्भार भइरहेकाले हाल अर्को घरमा बसिरहेका छन्। आमिर पनि आफ्नो बसोबार रहेको 'भर्गो हाउजिङ सोसाइटी' पुनर्विकास हुन लागेपछि नयाँ अपार्टमेन्ट भाडामा लिएका हुन्। यसअघि बसाइ रहेको भर्गो कम्प्लेक्स, पुनर्निर्माणपछि अत्याधुनिक र सुविधासम्पन्न हुने जनाइएको छ। त्यहाँ आमिर खानका १२ वटा अपार्टमेन्ट छन्।

उनले नयाँ अपार्टमेन्ट पाँच वर्षका लागि सम्झौता गरेका हुन्। मुम्बईको बांद्रा बलिउड कलाकारहरूको मुख्य रोजाइमा पर्छ, जहाँ सलमान खान, करीना कपूर खान, सैफ अली खान, रणबीर कपूर र आलिया भट्टजस्ता ठूला स्टारहरूको पनि बसोबास छ। अन्धेरी, वर्सोवा, जुहू र गोरेगाउँ फिल्म सिटी जस्ता नजिकैका क्षेत्रहरूमा अवस्थित प्रमुख बलिउड स्टुडियोहरूसँगको निकटताले फिल्म जगतमा बान्द्राको आकर्षण बढाएको छ। दशकौंदेखि, बलिउड स्टारहरूले बान्द्रालाई आफ्नो आवासीय केन्द्रको रूपमा मन पराउँदै आएका छन्।

# टायरगाढामा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु

सर्लाही, २१ साउन। सर्लाहीको हरिपूर्वा नगरपालिका–९, मिर्चैयामा टायरगाढामा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। खीला गाउँबाट वसन्तपुरतर्फ जाँदै गरेको टायरगाढामा विपरीत दिशाबाट आउँदै गरेको ज. ५ प. २२०८ नम्बरको मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालक हरिपूर्वा नगरपालिका–९ कै २१ वर्षीय अशोक यादवको मृत्यु भएको हो।

दुर्घटनाको विषयलाई लिएर स्थानीय वासिन्दाले बुधबार मध्यान्हदेखि बाँके–संग्रामपुर सडक खण्ड अन्तर्गत मिर्चैया चोकमा टायर बालेर प्रदर्शन गरिरहेका छन्। मृतक युवकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी एवं प्रहरी निरीक्षक बालिष्टर सिंहले टायरगाढा सवारी साधन अन्तर्गत नपर्ने र त्यसका चालकसँग लाइसेन्स हुने व्यवस्था पनि नरहेकाले पक्राउ नगरिएको जानकारी दिनुभयो।

## बहुविवाहको ...

संरचनामा क्रमशः सुधार हुँदै गए र लैङ्गिक समानता र महिला अधिकार संरक्षणलाई प्राथमिकता दिइयो।

मौजुदा संविधानले समेत बहुविवाहलाई आपराधिक कृत्यका रूपमा स्पष्ट गरेको छ। संविधानले सबै नागरिकलाई समानता प्रदान गरी हिंसाबाट मुक्त हुने अधिकार प्रदान गर्दै विवाहमा स्वतन्त्रता र समान सहभागिता सुनिश्चित गरेको छ। यस संवैधानिक आधारमा मुलुकी अपराध संहिता (२०७४) ले बहुविवाहलाई पूर्ण रूपमा आपराधिक क्रियाकलाप मानेको छ। संहिता अनुसार पहिलो पत्नी वा पति जीवित रहँदा दोस्रो विवाह गरे १ देखि ५ वर्षसम्म कैद सजाय र जरिवानान्र विवाह बदरको व्यवस्था गरिएको छ। साथै पीडितलाई क्षतिपूर्ति दिने कानुनी अधिकार पनि सुनिश्चित गरिएको छ, जसले पीडितको हक र न्यायको पहुँचलाई मजबुत बनाएको छ।

यसरी हेर्दा नेपालमा बहुविवाहसम्बन्धी कानुनी विकासक्रम परम्परागत प्रथाबाट सुरु भएर क्रमशः नियमन, अपराधीकरण र अन्ततः पूर्ण प्रतिबन्धतर्फ विकसित भएको छ। यो विकासक्रम समाजमा बढ्दो चेतना, महिला अधिकारको आन्दोलन र अन्तर्राष्ट्रिय मानव अधिकार, सभ्य समाजको मान्यता सँगसँगै अघि बढेको देखिन्छ। बहुविवाह विरुद्धको कानुनी कठोरताले लैङ्गिक समानता प्रवर्द्धन गर्दै महिला तथा पुरुष दुवैको वैवाहिक जीवनमा समान अधिकार र सम्मान सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको छ।

**नयाँ मस्यौदा कानुन**

अहिले घर–परिवार कार्यालयतिर ठट्टाका रूपमा पनि बल्ल 'पुरुषको पक्षमा कानुन आउन लाग्यो' भन्ने सुनिएको छ। के यो कानुनलाई एक समझदार वा न्यायप्रेमी नागरिकले जायज भन्छ ? निश्चय नै सामाजिक मूल्य–मान्यता विपरीत गई अनैतिक ढंगका क्रियाकलाप गरी हुँदाछँदाको घर–परिवार बिगार्नेलाई प्रेरित गर्ने कानुन आजको आवश्यकता होइन। यो समाजमा बाहिर बरालिँदै हिड्ने महिला–पुरुषको कमी छैन, तर कानुनले यसलाई प्रोत्साहन गर्नु जायज होइन।

पहिलो सवाल हो, चोरी कसरी रोक्ने ? दोस्रो सवाल हो, चोरी भइहाले पीडितलाई कसरी न्याय दिने र चोरलाई के कसरी दण्डित गर्ने ! यहाँ त चोरको चतुर चोरी–कलालाई कसरी पुरस्कृत गर्ने भनेर पो कानुन बन्दै छ। बच्चाको सवाल हो भने उसको शिक्षा, स्वास्थ्य तथा सुरक्षाको प्रत्याभूत हुने नियम ल्याउने हो। नियमलाई नियमन गर्ने हो, राज्य अभिभावक बन्ने हो तर यस्तो बच्चा जन्माउन कानुनले नै बढावा दिने होइन। विकसित मुलुकमा बहुविवाहलाई आपराधिक कार्यका रूपमा लिइएको छ। फ्रान्स, बेलायत, जर्मनी, अमेरिका,जापान आदि देशले यसलाई आपराधिक कसुर अनुसार कारबाही गर्छन्। अमेरिकाले ५ देखि १० वर्षको जेल सजायसहित जरिवाना तोकेको छ।

एक तथ्यांक अनुसार नेपालमा अहिले देखिने ३५ लाख युवा वैदेशिक रोजगारमा छन्, जसमा ८९.२ प्रतिशत पुरुष र १०.८ प्रतिशत महिला छन् तर नदेखिने योभन्दा धेरै छन्। धेरै दम्पतीहरू कार्यका सिलसिलामा अलग बस्न बाध्य छन्। यस्तो अवस्थामा यो कानुनले पारिवारिक दायित्वबोध गराउने भन्दा पनि स्वेच्छाचारिता, कुसंस्कार र क्षणिक भोगविलासको मनोवृत्तिलाई प्रोत्साहन गर्न सक्छ। कानुनको उद्देश्य अपराध रोक्नु हो, अपराधीलाई संरक्षण दिनु होइन। समाजमा आपराधिक क्रियाकलापका घटना घट्छन्, त्यसैले त दण्ड–सजायको कानुन पनि बनेको छ।

नेपालको अवस्था हेर्दा सन् २०१५ मा एक हजार ३५५ वटा पारपाचुके (डिभोर्स) दर्ता भएका थिए। सन् २०२४ सम्म आइपुग्दा यो संख्या ४० हजार १८३ पुगेको छ। अझै कैयौँ सम्बन्ध कानुनी रूपमा देखिएको छैन तर व्यवहारमा अलग बसेका छन्। के यस्तो कानुनले पारपाचुके दरलाई अझ वृद्धि गर्दैन ? त्यससँगै आत्महत्याको दर पनि चिन्ताजनक रूपमा बढेको छ। हरेक दिन २३ जना मानिसले आत्महत्या गरिरहेका छन्। पुरुषहरूले आत्महत्या गर्ने दर बढी भए पनि आत्महत्याको प्रयास गर्नेमा महिलाको संख्या धेरै छ। मानसिक तनाव, गरिबी, पारिवारिक विग्रह यसका प्रमुख कारक हुन्।

हामी सभ्य समाजको हिस्सा बनेर अन्तर्राष्ट्रिय जगत्मा आफ्नो पहिचान बनाउने कि पुनः सती प्रथाको युगमा फर्कने ? हामीले रचेका इतिहास, हाम्रो साहसिक यात्रा, राष्ट्रले गरेको अन्तर्राष्ट्रिय सन्धि–सम्झौता सबै जलाएर फाल्ने र पुनः महिलाको अधिकारमा कालो दिन सुरुवात गर्ने ! कानुन जटिल, बहुअर्थी, आफ्नो अनुकूल व्याख्या गर्न मिल्ने र कुनै स्वार्थ समूहलाई मात्र फाइदा पुग्ने गरी कदापि बनाउनु हुँदैन। कानुन बनाउनुअघि त्यसको बहुआयामिक सामाजिक प्रभावलाई बुझ्न, सुन्न र समेट्न जरुरी छ। रातोपाटीबाट

# आवश्यकता

नेपाल नेत्र ज्योति संघ, सगरमाथा चौधरी आँखा अस्पताल, लहान र यस अन्तर्गत संचालित आँखा उँपचार केन्द्रहरुको लागी निम्न अनुसारका करारमा केही कर्मचारीहरुको आवश्यकता भएकोले तपशिलमा उल्लेखित न्युनतम शैक्षिक योग्यता तथा कार्य अनुभव पुगेका ईच्छुक, योग्य नेपाली नागरिकहरुबाट आफुले प्राप्त गरेका प्रमाणपत्रहरुको प्रतिलिपि, नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र हालसालै खिचिएको एक प्रति पासपोर्ट साईजको फोटोसहित हस्त लिखित दरखास्त आह्वान गरिन्छ। दरखास्त सँग सँगै आफ्नो सम्पर्क ठेगाना तथा फोन नं. दिनुपर्ने छ।

| सि.नं. | पद | योग्यता | आवश्यक संख्या |
|---|---|---|---|
| १ | आँखा स्वास्थ्य कार्यकर्ता | मान्यता प्राप्त स्वीकृत शिक्षण संस्थाबाट अ.हे.ब.,अ.न.मी. तथा ल्याब अस्सिटेन्ट परीक्षा उतिर्ण गरी ३ वर्षे आँखा स्वास्थ्य सम्बन्धि मान्यता प्राप्त आँखा अस्पतालबाट तालिम लिएको हुनु पर्ने। | केही |
| २ | डाटा अप्रेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट१०+२ उर्तिण गरी, Computer सम्बन्धि कम्तीमा छ महिने तालिम लिई MS Dynamics Navision software मा Medical data entry सम्बन्धि कम्तीमा ४ वर्षको कार्य अनुभव भएको हुनु पर्ने। | केही |
| ३ | अप्टीकल हेल्पर | मान्यता प्राप्त शिक्षण संस्थाबाट १० कक्षा उत्तिर्ण गरी, कम्तीमा ३ महिने जुनियर अप्टीकल डिस्पेन्सर (चस्मा फिटिङ्ग) सम्बन्धी CTEVT बाट तालिम लिएको वा चस्मा फिटिङ्ग तथा चस्मा Dispensing सम्बन्धि आँखा अस्पतालबाट कम्तिमा १ वर्षको तालिम लिएको। | केही |
| ४ | स्वीपर | सामान्य लेखपढ तथा आँखा अस्पताल तथा आँखा उपचार केन्द्रहरुमा सरसफाई सम्बन्धि कम्तीमा ५ वर्षको कार्य अनुभव भएको हुनु पर्ने। | केही |

**उमेरको हद** : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्ने छ।
**दरखास्त बुझाउने स्थान** : सगरमाथा चौधरी आँखा अस्पताल, लहान प्रशासन शाखा
**दरखास्त बुझाउने अन्तिम मिति**: २०८२ भदौ ०५ गते बेलुकी ५ बजे सम्म।
**छनौट प्रक्रिया** :- लिखित, प्रयोगात्मक तथा मौखिक अर्न्तवार्ता।

# निलम्बित मेयर थापासहित ३ जना भ्रष्टाचार मुद्दामा दोषी ठहर

काठमाडौं, २१ साउन। सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापासहित ३ जना भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन्। विशेष अदालतले निलम्बित मेयर थापासहित नगरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, योजना प्रमुख इन्जिनियर सागर पौडेललाई दोषी ठहर गरेको हो। विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर र सदस्यद्वय मुरारीबाबु श्रेष्ठ र विदुर कोइरालाको इजलासले बुधबार भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको हो। उनीहरुको सजाय यही साउन २९ गते निर्धारण हुनेछ। उक्त कसुरमा ८ देखि १० वर्षसम्म कैद सजाय हुने कानुन अनुसार प्रावधान छ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८१ जेठ २९ मा थापा, उपमेयर लीलाकुमारी मोक्तानसहित ६ जनालाई प्रतिवादी बनाएर ३० करोड २९ लाख ३४ हजार ८ सय ९७ रुपैयाँ बिगो मागदाबीसहित मुद्दा दायर गरेको थियो। नदीजन्य पदार्थको हानिनोक्सानी गरेको अभियोगमा उनीहरुलाई प्रतिवादी बनाइएको थियो। सोही मुद्दाको फैसला गर्दै थापासहित ३ जनालाई दोषी ठहर गरेको हो भने अरु ३ जना उपमेयर लीलाकुमारी मोक्तान, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल र जिल्ला समन्वय समिति सर्लाहीका तत्कालीन प्रमुख मेथुर चौधरीलाई भने सफाइ दिएको छ।

**गैरकानुनी सम्पत्ति आर्जनमा पनि निलम्बित मेयर थापा दोषी : एक वर्ष कैद, ३ करोड ४५ लाख जरिवाना**

विशेष अदालतले बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापालाई गैरकानुनी सम्पत्ति आर्जन गरेको ठहर गर्दै कैद र जरिवाना तोकेको छ। उनले ३ करोड ४५ लाख २२ हजार ३ सय ८७ रुपैयाँ २३ पैसा गैरकानुनी रुपमा आर्जन गरेको ठहर गर्दै अदालतले एक वर्ष कैद र बिगो बमोजिम जरिवाना हुने फैसला सुनाएको हो। उक्त मुद्दा विशेषका अध्यक्ष न्यायाधीश कुँवर र सदस्यद्वय श्रेष्ठ र कोइरालाको इजलासले टुंगो लगाएको हो।

# कोलेनिका रौतहटद्वारा अख्तियारी र निकासा सार्वजनिक

**प्रवीण कुमार शर्मा**

रौतहट, २१ साउन। कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले आर्थिक वर्ष २०८१/०८२ को जिल्लास्थित संघीय कार्यालयहरु तथा अन्तरसरकारी कार्यक्रम सञ्चालन र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणसम्बन्धी विवरण सार्वजनिक गरेको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख कोष नियन्त्रक देवी प्रसाद गौतमका अनुसार चालु तर्फ १२ अर्व २२ करोड ५१ लाख ५९ हजार ३१२ रुपैयाँ बजेट रहेकोमा ११ अर्व २२ करोड ४१ लाख ३८ हजार २ सय ७२ रुपैयाँ ७० पैसा निकासा भएको छ जुन कुल अख्तियारी बजेटको ९१ दशमलव ८१ प्रतिशत रहेको छ। त्यस्तै पुँजीगत तर्फ बजेट एक अर्व ७६ करोड ३८ लाख १७ हजार ११ रुपियाँ रहेकोमा खर्च ८५ दशमलव ३६ प्रतिशत अर्थात् एक अर्व ५० करोड ५६ लाख ८५ हजार ७ सय ८० रुपियाँ रहेको उहाँले बताउनुभयो।

चालु पुँजिगत तर्फ १३ अर्व ९८ करोड ८९ लाख ७६ हजार ३२३ रुपियाँ बजेट रहेकोमा १२ अर्व ७२ करोड ९८ लाख २४ हजार ५२ रुपियाँ ७० पैसा खर्च भएको कोलेनिका रौतहटले जनाएको छ। यो खर्च अख्तियारी बजेटको ९० दशमलव ९९ प्रतिशत रहेको छ। त्यस्तै रौतहटका १८ वटे स्थानिय तहको लागि कुल बित्तिय हस्तान्तरण ६ अर्व ७९ करोड २२ लाख ९४ हजार ५ सय बजेट रहेकोमा ९० दशमलब ४३ प्रतिशत अर्थात् ६ अर्व १४ करोड २२ लाख ६६ हजार ६ सय १७ रुपियाँ ७६ पैसा निकासा भएको कोलेनिका रौतहटका प्रमुख कोष नियन्त्रक गौतमले जानकारी दिनुभयो।

रौतहटका १८ वटै स्थानीय तह तर्फ समानीकरण अनुदान दुई अर्व ८ करोड ६६ लाखको अख्तियारी बजेट रहेकोमा निकासा एक अर्व ९१ करोड ४६ लाख ६४ हजार एक सय ६० रुपियाँ रहेको छ यो रकम अख्तितारी बजेटको ९१ दशमलव ७६ प्रतिशत रहेको कोलेनिका रौतहटले जनाएको छ। सशर्त अनुदान तर्फ बजेट ४ अर्व ३२ करोड ५१ लाख ९४ हजार पाँच सय रहेकोमा निकासा ९० दशमलव २४ प्रतिशत भएको छ। कुल निकासा रकम तीन अर्व ९० करोड ३२ लाख ४५ हजार ३ सय सत्तरी रुपियाँ सतरह पैसा रहेको छ।

त्यस्तै, विशेष अनुदान तर्फ २२ करोड ५५ लाख बजेट रहेकोमा २० करोड ३६ लाख ४३ हजार ५ सय ९३ रुपियाँ निकासा भएको छ। यो कुल अख्तियारी बजेटको ९० दशमलब ३० प्रतिशत रहेको छ। समपुरक अनुदान १५ करोड ५० लाख अख्तियारी रहेकोमा ७७ दशमलब ८८ प्रतिशत मात्र निकासा भएको कोलेनिका रौतहटले जनाएको छ। समपुरक अनुदान तर्फ कुल निकासा रकम १२ करोड सात लाख १३ हजार चार सय ९४ रुपियाँ ५० पैसा रहेको छ।

रौतहटबाट आर्थिक वर्ष २०८१/०८२ मा एभ अर्व ४४ करोड१३ लाख दुई हजार ७ सय ६५ रुपियाँ ८७ पैसा राजस्व संकलन भएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका अनुसार रौतहटका २४ वटा संघीय कार्यालयबाट उक्त राजस्व संकलन भएको हो। सुशासन, पारदर्शिता कायमको लागि कार्यालयबाट सम्पादन हुने हरेक क्रियाकलाप सार्वजनिक गर्ने गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख कोष नियन्त्रक गौतमको भनाइ छ।

# शव नदिएको पीडाः

## अस्पतालको बक्यौताको कारण परिवारको अन्तिम बिदाइ अधुरो

सिरहा, २१ साउन। लहान–२३ निवासी श्री हरी मोहन मुखिया, करिब दुई महिनादेखि गम्भीर बिरामी भइ केएमसी हस्पिटल काठमाडौंमा उपचाररत थिए। परिवारले सबै प्रयास गर्दै हालसम्म झण्डै ११ लाख रुपैयाँ अस्पतालमा तिरेको छ। तर दुर्भाग्यवश, उपचारको क्रममा उहाँको निधन भयो। अहिले अस्पतालले अझै १.५ देखि २ लाख रुपैयाँ बाँकी रहेको भन्दै शव (लाश) नदिएको भन्दै अडान लिएको छ।



आर्थिक अभावमा परिवारजनोंले आफ्ना प्रियजनको अन्तिम संस्कारसमेत गर्न नपाएको यो अवस्था अत्यन्तै हृदयविदारक छ। मृतकको परिवारले सामाजिक अभियन्ता, पत्रकार, जनप्रतिनिधि र मानवतावादीहरू समक्ष सहयोगको लागि हार्दिक अपिल गरेका छन्।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यु यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)